# प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

"दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन"

## अर्धवार्षिक बुलेटिन

साउन-पौष २०७९

**Provincial Research and Training Center (PRTC), Mujeliya, Janakpur**

### कार्यकारी निर्देशकको कलमबाट ..



प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आ.ब. २०७९/८० को छ महिनामा जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास सम्बन्धी केहि महत्वपूर्ण क्रियालापहरू कार्यान्वयन गर्न सफल भएकोमा सम्बद्ध सबैको योगदानका लागि धन्यवाद प्रकट गर्दछु । "दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन" को संस्थागत मान्यतालाई आत्मसात् गरी यस केन्द्रले स्थापना कालदेखि नै जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यकता पहिचान, प्रशिक्षण सामग्री एवम् पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन तथा फलोअप गर्ने कार्यको सुरुवात गरेको छ । यस कार्यमा सम्बद्ध सबै पक्षको निरन्तर सहयोग र सुझावको अपेक्षा गर्दछु।

सतार अंसारी

कार्यकारी निर्देशक

### यस अङ्कमा ......

- मा. मुख्यमन्त्रीज्यू समक्ष केन्द्रको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन पेश
- मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी प्रशिक्षण
- वित्तीय सुशासन जोखिम मूल्याङ्कन बारे अन्तरक्रिया र अनुशिक्षण
- अधिकृत र सहायक स्तरको सेवाकालीन तालिम
- यूएसआईडी नेपालका प्रतिनिधिमंडल र केन्द्रका पदाधिकारीहरू बिच छलफल
- स्थानीय तहको संस्थागत प्रणाली विकासको आवश्यकताबारे कार्यशाला
- लैङ्गिक उत्तरदायी बजेट बारे अभिमुखिकरण
- प्रशिक्षण सामाग्री (मोड्युल) निर्माण तथा परिमार्जन
- नवनिर्वाचित वडा अध्यक्षहरूका लागि तालिम
- भवन संहिता सम्बन्धी अभिमुखिकरण
- हिंसामुक्त समाज निर्माणमा बिद्यार्थिहरूको भूमिका बिषयक अन्तर्क्रिया

### केन्द्रको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन पेश

आ.व. २०७८/७९ मा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सम्पन्न गरिएका कार्यक्रम तथा वित्तीय प्रगति समावेश गरिएको वार्षिक प्रतिवेदन २०७९ भाद्र १६ गते मधेश प्रदेश सरकारका माननीय मुख्यमन्त्री लालबाबु राउतज्यू समक्ष पेश गरियो । प्रतिवेदनमा केन्द्रको संक्षिप्त परिचय, सोंच, लक्ष्य, उद्देश्यका अतिरिक्त गत आ.ब. को कार्यक्रम र वार्षिक प्रगति विवरण समावेश गरिएको छ । उक्त प्रतिवेदनमा केन्द्रबाट संचालित क्षमता विकास सम्बन्धी तालिममा सहभागी भएका स्थानीय तथा प्रदेश तहका कर्मचारीहरूको तथ्याङ्क समेत समावेश गरिएको छ । उक्त प्रगति प्रतिवेदन यस केन्द्रको वेवसाइट www.prtc.madhesh.gov.np मा पनि राखिएको छ ।



## मध्यमकालीन खर्च संरचना निर्माण बारे अभिमुखिकरण

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले UNDP नेपालसँगको समन्वय र सहकार्यमा "दिगो विकास लक्ष्य-मैत्री मध्यमकालीन खर्च संरचना निर्माण विषयक अभिमुखिकरण कार्यक्रम संचालन गरेकोछ । प्रादेशिक स्तरमा संचालित उक्त अभिमुखिकरणमा मधेश प्रदेशका १३६ मध्ये ११२ स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरूको सहभागितामा रहेको थियो । दुई देखि तिन वटा जिल्लालाई समावेश गरी तिन चरणमा सञ्चालन गरिएको उक्त तालिममा जम्मा १४५ जनाको सहभागिता रहेको थियो । उक्त अभिमुखिकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, आवश्यकता, महत्व, यसका कानूनी आधार र तर्जुमा प्रक्रियाका बारे विस्तृत रुपमा अन्तरक्रिया गरिएको थियो ।



## वित्तीय सुशासन जोखिम मूल्याङ्कनबारे अनुशिक्षण

यस केन्द्रद्वारा जिल्ला समन्वय समितिको समन्वयमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत रौतहट र सर्लाही जिल्लाका सबै स्थानीय तहहरूको सहभागितामा वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी १-दिने अन्तरक्रिया र २-दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भएकोछ । जिल्ला स्तरमा संचालन भएको उक्त कार्यक्रम अन्तर्गत प्रथम चरणमा प्रत्येक स्थानीय तहहरूको प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा जि. स.स. प्रमुख, उप-प्रमुख; संग १-दिने अन्तरकृया तथा छलफल र दोश्रो चरणमा स्थानीय तहका आर्थिक प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख, FRA फोकल पर्सन र सूचना प्रविधि अधिकृतका साथै जि.स.स.मा कार्यरत कर्मचारीलाई २-दिने अनुशिक्षण संचालन गरिएको थियो। प्रभावकारी वित्त व्यवस्थापन प्रणालीको एक अभिन्न औजारको रूपमा रहेको वित्तीय शुसासन जोखिम मुल्यांकन प्रणालिमा आधारित यस अनुशिक्षणमा जम्मा ६७२



जना जनप्रतिनिधि तथा कर्मचारीहरूको सहभागिता रहेको थियो, जसमध्ये ९६ जना महिलाहरू रहेका थिए ।

## अधिकृत र सहायक स्तरका कर्मचारीहरूका लागि सेवाकालीन तालिम

संघ, प्रदेश र स्थानीय तहका सहायक स्तर पाँचौ तह (सब-ईन्जिनियर) र अधिकृत सातौं, आठौं तहका कर्मचारीहरुका लागि दुईवटा सेवाकालिन तालिम सम्पन्न भएकोछ । सहायक स्तर र अधिकृत स्तरका कर्मचारीहरूका लागि छुट्टाछुट्टै दुईटा समूहमा सञ्चालन भएको सेवाकालीन तालिममा क्रमशः ३२ जना सहायक स्तर (सब-ईन्जिनियर) र ३३ जना अधिकृतस्तरका कर्मचारीहरू सहभागी भएका थिए । ३० दिन सम्म संचालन भएको यस तालिमको अन्तिम हप्तामा सहभागीहरूले विभिन्न कार्यालयहरूको अवलोकन र अध्ययन गरी त्यहाँका कार्य सम्पादनको अवस्थाबारे प्रस्तुतिकरण गरेका थिए । सहभागीहरुको समग्र प्रशिक्षण सिकाईका लागि लिखित परीक्षा तथा अध्ययन भ्रमणको क्रममा प्राप्त जानकारी र सिकाईबारेको प्रस्तुतिकरणलाई आधार बनाईएको थियो। सहभागीहरूको हाजिरी, अनुशासन प्रदर्शन, सहभागिता, व्यक्तिगत प्रस्तुतीकरण र लिखित परीक्षा आदिलाई समेटेर अन्तिम मूल्यांकनका गरिएको थियो। उपरोक्त पक्षहरूको आधारमा प्रत्येक सहभागीहरुको समग्र सिकाईको मूल्यांकन गरी श्रेणी विभाजन गरिएको थियो । मिति २०७९/०९/२० गते केन्द्रका कार्यकारी निर्देशक सतार अंसारीज्यूको अध्यक्षता र मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव श्री नूरहरि खतिवडाज्यूको प्रमुख आथित्यमा संचालन भएको समारोह बीच

प्रमाण-पत्र वितरण गरी सेवाकालीन तालिमको समापन गरिएको थियो । सो अवसरमा अर्थ मन्त्रालयको सचिव श्री गजेन्द्र ठाकुर, गृह तथा सञ्चार मन्त्रालयको सचिव श्री रामकुमार महतो, उद्धोग पर्यटन तथा वन मन्त्रालयको सचिव श्री विशाल घिमिरे, प्रदेश प्रमुख कार्यालयको सचिव श्री राजेन्द्र पराजुलीज्यूको विशेष उपस्थिति रहेको थियो ।




## यूएसआईडी नेपालका उच्चस्तरिय प्रतिनिधिमंडल र केन्द्रका पदाधिकारीहरूबिच छलफल

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसआईडी) नेपालका एक उच्चस्तरिय प्रतिनिधिमंडलले प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका पदाधिकारीहरूसँग भेटघाट र छलफल गरेका छन् । भेटघाटको क्रममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसआईडी) को आर्थिक सहयोगमा मधेश प्रदेशमा संचालन हुन गईरहेको कार्यक्रमको सन्दर्भमा सम्भावित साझेदारीका क्षेत्रहरूबारे छलफल भएको थियो । छलफलको शुरूआतमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक श्री सतार अंसारीज्यूले केन्द्रको गतिविधि र भावि योजना बारे प्रस्तुतिकरण गर्नु भएको थियो । यस क्रममा, प्रतिनिधिमंडलसँग दिर्घकालीन सहकार्य र साझेदारीका लागि केहि सम्भावित क्षेत्रहरूको पहिचान गरिएको थियो ।

## स्थानीय तहको संस्थागत प्रणाली विकासको आवश्यकताबारे कार्यशाला

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको आयोजनामा मधेश प्रदेशका सय भन्दा बढी पालिका प्रमुखज्यूहरू संग संवैधानिक ब्यवस्था अनुरुप संस्थागत प्रणाली विकासको आवश्यकता विषयक कार्यशाला २०७९ असोज २५ देखि २८ गते सम्म संचालन गरिएको उक्त कार्यशालालाई दुई चरणमा विभाजन गरिएको थियो । पहिलो चरण अन्तर्गत स्थानीय तहको क्षमता विकास कार्ययोजना, राजस्व सुधार योजना, आवधिक योजना, आन्तरिक नियन्त्रण प्रणालि र लैससास मूलप्रवाहीकरण रणनीतिको महत्व र यि योजना तथा रणनीति निर्माणको अपरिहार्यता बारे प्रस्तुतिकरण गरी छलफल चलाईएको थियो। यस प्रस्तुतिकरण र छलफलमा स्थानीय तहहरूको सहभागिता अत्यन्तै सक्रिय र अन्तरक्रियात्मक रहेको थियो। दोस्रो चरण अन्तर्गत स्थानीय तहको क्षमता विकास कार्ययोजना, राजस्व सुधार योजना, आवधिक योजना, लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमाका लागि आवश्यक्ता पहिचान गर्न सहभागी स्थानीय तहका प्रतिनिधिहरू छुट्टाछुट्टै समूह कार्यमा संलग्न भएका थिए जसमा कार्य सम्पादन गर्नका लागि परामर्शदाता छनौट प्रक्रिया, लागत सहभागिता, बजेट भुक्तानी बिधि तथा साझेदारी विषयमा केहि बुँदाहरू दिइएको थियो । साथै, सो बिषयहरूमा सघन अन्तरक्रिया गरी सहमती निर्माण गरिने प्रकिया अपनाईएको थियो ।

## लैंगिक उत्तरदायी बजेट (GRB) बारे अभिमूखिकरण

लैगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरूप स्थानीय सरकारका क्रियाकलाप, योजना, कार्यक्रममा लैङ्गिक संवेदनशीलता एवम उत्तरदायित्वको अवस्था विश्लेषण गरी अगामी योजना, कार्यक्रम एवं प्रशासनिक संरचनामा लैससासको अवस्थामा सुधार ल्याउने दिशामा सहयोग गर्ने उद्देश्यले पर्सा, बारा, रौतहट र सर्लाहीका स्थानीय तहहरुका लागि लैंगिक उत्तरदायी बजेट सम्बन्धि अभिमूखिकरण कार्यक्रम सम्पन्न भएकोछ । जिल्लास्तरिय रूपमा संचालन



गरिएको उक्त अभिमूखिकरणमा स्थानीय तहका प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गरी जम्मा २१० जनाको संहभागिता रहेको थियो । पन्ध्रौ योजनाले राज्यका तीनै तहको सरकारमा लैगिंक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति लिएको छ । यस अभिमुखिकरणले

स्थानीय तहको श्रोतहरूमा महिला तथा पछाडी परेका बर्गको पहुँच अभिबृद्धी गरी लैङ्गिक समानताको लागि लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई अबलम्बन गर्ने वातावरण निर्माणमा सहयोग मिल्ने अपेक्षा राखिएकोछ ।

## प्रशिक्षण सामग्री (मोड्युल) निर्माण तथा परिमार्जन

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्थानीय तहका लागि विभिन्न किसिमका प्रशिक्षण कार्यक्रम संचालन गर्दै आईरहेकोछ । प्रशिक्षण कार्यक्रमहरुलाई व्यवस्थित, स्तरीय बनाउन तथा एकरूपता कायम गर्ने दिशामा सहजकर्तालाई स्पष्ट मार्गदर्शन गर्न सहयोग पुर्याउने उद्देश्यले विभिन्न विषयका प्रशिक्षण मोड्युलहरु तयारी तथा उपलब्ध सामग्रीहरूलाई परिमार्जन गरेको छ । यस सन्दर्भमा, प्राविधिक तर्फका सहायक स्तरका कर्मचारी तथा अधिकृत सातौं/आठौं तहका कर्मचारीहरुका लागि सेवाकालिन तालिम सञ्चालन गर्न मोड्युलहरुको मस्यौदा तयार गरी त्यसमा पृष्ठपोषण लिई अन्तिम रूप दिईएको छ । केन्द्रबाट सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरुका लागि प्रशिक्षण सामाग्रीहरु निर्माण गर्ने र ज्ञान व्यवस्थापनलाई प्रवर्द्धन गर्ने नीति बमोजिम बिगत बर्षमा स्थानीय तहसँग सम्बन्धित बिभिन्न विषयका मोड्युलहरुको निर्माण भएको हो।

## नवनिर्वाचित वडा अध्यक्षहरूको लागि अभिमुखीकरण

२०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित वडा अध्यक्षहरूलाई स्थानीय तहको संवैधानिक र कानूनी अधिकार, भूमिका र जिम्मेवारी बारे ३-दिने अभिमुखीकरण संचालन भईरहेकोछ । जिल्लागत रुपमा सञ्चालन भईरहेको अभिमुखीकरण हालसम्म पर्सा, बारा र



रौतहटमा सम्पन्न भएकोछ । उक्त अभिमुखीकरणमा स्थानीय तह तथा वडा समितिको काम, कर्तव्य र अधिकारका साथै राजस्व संकलन, उपभोक्ता समिति र टोल विकास संस्था गठन तथा परिचालन, योजनाको अनुगमन तथा मूल्याङ्कन जस्ता विषयवस्तु समेटिएका थिए । उक्त अभिमुखीकरणमा हालसम्म ८९८ जना वडाध्यक्षहरू सहभागी भईसकेका छन् । उक्त अभिमुखीकरण कार्यक्रममा वडा अध्यक्षहरूले दैनिक कार्य गर्दाको सिकाई र भोगेका समस्या बारेमा अनुभव आदान प्रदान गरेका थिए ।

## भवन संहिता सम्बन्धी तालिम

भवन आचार संहिता सन्दर्भमा संघीय कानूनको साथै स्थानीय तहले पनि कानुन बनाई कार्यान्वयन गर्ने व्यवस्था छ, तर भवन आचार संहिताका विधिसंगत एवं प्रभावकारी ढंगले हुन नसकेको कारण बेरुजू, न्यून बजेट खर्च, आर्थिक अनियमितता आदि समस्याहरू रहेको विद्यमान अवस्थाछ। यसै सन्दर्भमा, भवन आचारसंहिता सम्बन्धी कानूनी, नीतिगत, संस्थागत, सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा प्रशिक्षित गरी खरिद प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय तहका प्राबिधिक ईन्जिनियरहरूका लागि ५-दिने तालिम सम्पन्न भएकोछ। भवन संहिता कार्यन्वयनका लागि स्थानीय तहको क्षमता अभिवृदी गर्ने प्रमुख उद्देश्य रहेको यस तालिममा बारा र पर्सा जिल्लाका ३० वटा स्थानीय तहबाट ३४ जना ईन्जिनियरहरूको सहभागिता रहेको थियो ।

## हिंसामुक्त समाज निर्माणमा बिद्धार्थिहरूको भूमिका बिषयक अन्तर्क्रिया

नेपाल सरकार मन्त्रिपरिषद्ले सम्बत् २०७६ मा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान दिवसको रूपमा मनाउने घोषणा गरेको छ । यसै क्रममा "सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान" राष्ट्रिय नाराका साथ मनाइदै गरिएको १६-दिने लैङ्गिक हिंसा विरुद्धको अभियान अन्तर्गत प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरले धनुषा जिल्लाका दुईवटा बिद्यालयका कक्षा ८-१० मा अध्यनरत बिद्यार्थिहरू सहभागितामा लैङ्गिक हिंसामुक्त समाज निर्माणमा बिद्यार्थिहरूको भूमिका बिषयक अन्तर्क्रिया कार्यक्रम समपन्न गरेकोछ । अन्तर्क्रिया कार्यक्रममा लैंगिक हिंसाका सम्बन्धमा भएका कानुनी तथा संरचनागत व्यवस्थाका सम्बन्धमा विधालयहरूमा कम्तिमा हप्ताको १ पटक Guest Lecture बाट कार्यक्रम सञ्चालन गर्नुपर्ने बिचार ब्यक्त गरिएका थिए ।